**(नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूले नगरसभाको १८ औं अधिवेशनमा पेश गर्नुभएको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम)**

राइनास नगरपालिका नगरसभाको अठारौं अधिवेशनमा पाल्नुभएका नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु एवम् उपस्थित सबैमा हार्दिक अभिवादन सहित स्वागत गर्दछु। समृद्ध राइनास नगरपालिका निर्माणका लागि आधार तयार गर्न तय गरिएको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत हुने आजको यस विशेष दिनमा हाम्रो देशको राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र विभिन्न जन आन्दोलन हुँदै जेनजी आन्दोलन सम्ममा अमूल्य जीवन उत्सर्ग गर्नुभएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते भएका, अपाङ्गता भएका तथा वेपत्ता पारिएका नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। **"हाम्रो राइनास नगरः कृषि, पर्यटन, शिक्षा र वातावरणमैत्री शहर"** को दीर्घकालीन लक्ष्य हासिल गर्न समृद्ध राइनास सबैको साझा दायित्व भन्ने जिम्मेवारीका साथ आज हामी विभिन्न आरोह अवरोहहरु पार गर्दै यस क्षणमा आइपुगेका छौं। नागरिकका समस्या, आवश्यकता तथा अपेक्षा असीमित हुन्छन्, सीमित स्रोतका बाबजुद ती आवश्यकतालाई क्रमिक रुपमा न्यायोचित सम्बोधन गर्नु नगरपालिकाको दायित्व हो। नगरपालिकाले नीति तथा कार्यक्रम एवम् बजेट तयार गर्दा सहभागितामूलक योजना तर्जुमा पद्धतिको अवलम्वन गरेको छ। यस क्रममा टोल, वस्ती हुँदै वडा समितिको संलग्नता, विभिन्न चरणमा विषयगत समितिको बैठक तथा विज्ञहरुसँगको राय परामर्श र छलफलबाट प्रतिनिधिमूलक रुपमा नगरवासीको मत सम्बोधन गर्ने प्रयास गरेका छौं।

**नगरसभा सदस्यज्यूहरू,**

वि.सं. २०७९ सालमा हामी निर्वाचित भएर आएपछि हरेक बर्ष सम्मानित सभासमक्ष नगर प्रमुखको हैसियतमा मैले बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै आएको बेहोरा सभासदज्यूहरुलाई अवगत नै छ। **ती नीतिगत प्रतिवद्धताहरुलाई निरन्तरताको प्रतिवद्धता व्यक्त गर्दै अब म यस नगरपालिकाको आगामी आ.व. २०८३/०८४ का लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रम संक्षिप्तमा प्रस्तुत** गर्दछु।

**नीति तथा कार्यक्रमको लक्ष्यः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले तय गरेको स्वायत्तता र स्वशासनको अधिकारलाई सहकारिता, सहअस्तित्व र समन्वयका साथ उपयोग गर्दै, पूर्ण पारदर्शी भई जनसहभागिता र उत्तरदायित्वको सुनिश्चितता गरी संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरु स्थानीयस्तरमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु, प्रभावकारी सेवा प्रवाहको प्रवन्ध मिलाउनु, युवा तथा बेरोजगार व्यक्तिहरुको सीप विकास गरी रोजगारी तथा स्वरोजगारीको प्रवन्ध गर्नु, समाजका अल्पसंख्यक, सीमान्तकृत तथा कमजोर वर्गको सशक्तीकरण र मूल प्रवाहीकरण गर्नु, नगरभित्र गुणस्तरीय पूर्वाधारको विकास गर्दै परम्परागत कला, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी नगरलाई साँस्कृतिक रुपले उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्दै जनतालाई गुणस्तरीय जीवनयापनको अवसर सृजना गरी सम्वृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको छ। यो लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, जेष्ठ नागरिक, महिला तथा वालवालिका, आर्थिक विकासतर्फ कृषि, उद्योग, रोजगारी तथा स्वरोजगारी सिर्जना, भौतिक विकास तर्फ विकास निर्माण तथा विपद व्यवस्थापन एवम् सुशासन तथा संस्थागत विकासलाई नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रको रुपमा पहिचान गरिएको छ।

**मुख्य नीतिगत प्राथमिकताहरुः**

१. सिर्जित दायित्वको सम्बोधन गर्ने,
२. प्राथमिकताप्राप्त अधुरा योजना सम्पन्न गर्ने,
३. जलवायु अनुकुलित तथा प्राङ्गारिक खेती प्रणालीमा जोड दिँदै कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
४. कृषियोग्य जमिनमा कृषि सडक विस्तार गरी आधुनिक कृषि पद्धतिलाई प्रबर्द्धन गर्ने,
५. जग्गाको चक्लाबन्दी सम्बन्धी कार्यक्रमलाई प्रबर्द्धन गर्ने,
६. पशुपालन व्यबसायलाई प्रोत्साहन र प्रबर्द्धन गर्ने,
७. विद्यालयमा प्रविधिमैत्री वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि यातायात सुविधा थप गर्ने,

८. राइनास नगर अस्पतालको सुसञ्चालन गरी स्वास्थ्य सेवामा आम नगरबासीको पहुँच बढाउने, आयुर्वेद औषधालयहरुको क्षमता विस्तार गरी निरोधात्मक स्वास्थ्य प्रणालीतर्फ अग्रसर हुने,

९. एक घर एक धारा कार्यक्रम कार्यान्वयन गरी गुणस्तरीय खानेपानीको उपलब्धता बढाउने,

१०. सडक बत्ती तथा फोहरमैला व्यवस्थापनलाई प्राथमिकता दिने,

११. नवप्रवर्तन, स्वरोजगार, सीप र स्थानीय पुँजी तथा प्रविधिको माध्यमबाट उद्यमशीलता एवम् रोजगारी प्रवर्द्धन गर्ने,

१२. नवयुवासमेतलाई रचनात्मक तथा सिर्जनात्मक काममा अभिप्रेरित गर्न, सार्वजनिक सूचनामा आम नागरिकको पहुँच बढाउन नगरपालिकाका मुख्य मुख्य स्थानमा फ्रि वाई फाई उपलब्ध गराउने कार्यको सुरुवात गर्ने,

१३. नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम् सामाजिक/सांस्कृतिक रुपले पिछडिएका व्यक्तिहरुको तथ्याङ्क अभिलेखीकरण गर्दै उपयुक्त किसिमको क्षमता विकास, उत्थान एवम् सशक्तीकरण गर्ने,

१४. जलवायु अनुकुलन तथा विपद् संवेदनशील एवम् वातावरणमैत्री गुणस्तरीय पूर्वाधार निर्माण गर्ने, पोखरी, तलाउ जस्ता जलाशय संरक्षण गर्ने,

१५. वन कार्यालय सँगको समन्वयमा वन उपभोक्ता समितिसँग साझेदारी गरी वनका बाँदर वनमै फर्काउने अभियान कार्यान्वयन गर्ने,

१६. सरोकारवाला संस्था तथा समाजसेवीसँगको सहकार्यमा बाँझो रहित राइनास अभियानलाई प्रबर्द्धन गर्ने।

१७. राइनासकोटलाई पर्यटन हवको रुपमा विकास र प्रबर्द्धन गर्ने, पर्यटकीय सम्पदाको रुपमा सूचीकृत गर्न संघ र प्रदेश सरकारलाई अनुरोध गर्ने, अन्य महत्वपूर्ण पर्यटकीय सम्पदालाई प्राथमिकता दिई विकास र प्रवर्द्धन गर्ने,

१८. कार्यरत जनशक्तिलाई उत्प्रेरित गर्न समयानुकूल तलब व्यबस्था र उचित सम्मान तथा पुरस्कारको व्यबस्था गर्ने,

१९. सामाजिक सुरक्षा छातामा नसमेटिएका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने,

२०. करको दर र दायरालाई व्यबस्थित, नागरिकमैत्री एवम् प्रभावकारी बनाउने,

२१. सिंचाई व्यबस्था सुचारु गराउन प्राथमिकता दिने,

२२. सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने कार्यलाई निरन्तरता दिने,

२३. प्रभावकारी सेवा प्रवाह एवम् पारदर्शिता, उत्तरदायित्व र जवाफदेहीता प्रवर्द्धन गरी स्थानीय सरकार प्रति नागरिक विश्वास अभिवृद्धि गर्ने,

अन्त्यमा, यस गरिमामय नगर सभामा पेश गरिएको नीति तथा कार्यक्रम तयारीका क्रममा सुझाव तथा पृष्ठपोषण दिनुहुने राजनीतिक दल, पूर्व जनप्रतिनिधिज्यूहरू, पेशाविद, बौद्धिक जगत, किसान, विकास साझेदार, उद्यमी ब्यवसायी, सुरक्षाकर्मी, पत्रकार मित्रहरू र सम्पूर्ण नगरवासीहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। नेपाल सरकार तथा प्रदेश सरकार प्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष रूपमा संलग्न हुनुभएका उप–प्रमुख, बिषयगत समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत लगायत विषयगत शाखा प्रमुख तथा कर्मचारीहरू र सम्पूर्ण सभासद्ज्यूहरू लगायतका सबै सरोकारवालालाई हार्दिक धन्यवाद दिन्छु। साथै यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा राइनास नगरबासी आमा, बुबा, दाजुभाइ, दिदीबहिनी तथा सबै सरोकारवालाहरूको सक्रिय एवम् सार्थक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।